मितिः २०८३।०४।१९

श्रीमान मुख्य-सचिव ज्यू
नेपाल सरकार

**विषयः संघीय निजामती सेवामा मेकानिकल इन्जिनियरिङ समूहको दरबन्दी व्यवस्थापन सम्बन्धमा ।**

बाइस देखि पच्चीस वर्षको हाराहारीमा उमेर हुँदा निजामती सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदबाट सेवा प्रवेश गर्ने कर्मचारी साधारणतया पैंतालीस वर्ष उमेर कट्दा राजपत्रांकित प्रथम श्रेणीको पदमा र त्यस पछि अवस्था अनुसार विशिष्ट श्रेणीको पदसम्म पुग्न सक्ने संभावना रहन्छ । निजामती सेवाका प्राय जसो सेवा-समूह अन्तर्गत तल्लो श्रेणीमा धेरै र क्रमशः माथिल्लो श्रेणीमा थोरै दरबन्दी सहितको पिरामिड शैलीको दरबन्दी संरचना रहेको पाइन्छ । यसरी हेर्दा अधिकांश सेवा-समूहमा राजपत्रांकित प्रथम श्रेणीसम्म तल्लो श्रेणीको ४ पदहरुको लागि माथिल्लो श्रेणीको १ पदको अनुपातमा दरबन्दी संरचना रहेको देखिन्छ । वृति विकासको एक महत्वपूर्ण पक्षको रुपमा रहेको पदोन्नतिको संभावनाले निजामती सेवामा प्रवेश गरेको प्रत्येक कर्मचारीको मनोवल र उत्प्रेरणामा प्रत्यक्ष असर पारिरहेको हुन्छ । निजामती सेवा अन्तर्गत नेपाल इन्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह अन्तर्गत कार्यरत कर्मचारीहरुको हकमा भने पदोन्नतिको श्रृंखला राज पत्रांकित द्वितीय श्रेणीमा पुगेर लगभग ठप्प हुने अवस्था रहेको छ किनभने २४ वटा राजपत्राकित द्वितीय श्रेणीका पद रहेको यस उपसमूहमा हाल राजपत्रांकित प्रथम श्रेणीको जम्मा १ पद मात्र रहेको छ । इन्जिनियरिङ सेवा अन्तर्गत नै रहेका अन्य समूहहरुमा रा.प.द्वि र रा.प.प्र श्रेणीका पदहरुवीच यस किसिमको ठूलो अनुपात देखिदैन। जियोलोजी समूहमा सो अनुपात १:१ रहेको छ भने केमेष्ट्री, केमिकल इन्जिनियरिङ, मेट्रोलोजी र इलेक्ट्रिकल समूहहरुमा सो अनुपात क्रमशः ४:१, ४:१, ४:१ र २.३:१ रहेको छ । प्रशासन सुधार सुझाव समितिको २०७०को प्रतिवेदनमा समेत निजामती सेवाका पदहरुमा तल्लो पद र माथिल्लो पदको संख्याको अनुपात ४:१ गर्न सुझाव पेश अवस्था विधमान छ । द्वितीय श्रेणीको पदसम्म वेलैमा पुगे पनि मेकानिकल उपसमूह अन्तर्गत कार्यरत अधिकांश कर्मचारीहरु माथिल्लो श्रेणीमा उक्लन नसकी लामो समय एकै पदमा कार्य गरी सेवा निवृत हुने वा सेवा छाडी अन्यत्र पलायन हुने निराशाजनक अवस्था उत्पन्न भएको छ ।

इन्जिनियरिङ् डिग्री सहित विश्ववधालयबाट दिक्षित एक मेकानिकल इन्जिनयरका लागि स्वदेशमा रही वा विदेश गई उद्योग, प्रविधि वा अध्ययन, अनुसन्धान लगायत विभिन्न क्षेत्रमा कार्य गरी वृति विकासको सुनिश्चितता सहित एक सार्थक, मर्यादित र आरामदायी जीवन विताउने विकल्पहरु रहन्छन । देशमा उचित अवसरहरुको अभाव हुँदा देश छोडी राम्रो रोजगारीका लागि विदेश जाने मेकानिकल इन्जिनियरहरुको संख्या पनि बढ्दै छ । त्यति हुँदा हुँदै पनि रोजगारी र वृति विकासका अन्य सबै विकल्पहरुलाई छोडी राष्ट्र र जनताको सेवामा समर्पित हुने र राष्ट्र निर्माणमा योगदान दिने पवित्र उदेश्यबाट अभिप्रेरित भई निजामती सेवामा प्रवेश गरेका मेकानिकल इन्जिनियरहरुलाई योग्यता र क्षमताका आधारमा विषयगत र क्षेत्रगत जिम्मेवारी तोकी उनीहरुको मनोबल र उत्प्रेरणाको स्तर उच्च राखी मेकानिकल इन्जिनियरहरुको ज्ञान सीप र क्षमतालाई राष्ट्र निर्माण र सार्वजनिक सेवा प्रवाहमा सदुपयोग गर्ने दिशामा राज्यका तर्फबाट पर्याप्त प्रयास हुन सकेको देखिदैन ।

CamScanner

साधारण देखि जटिल मानिने औजार, यन्त्र तथा उपकरण, उर्जा प्रणाली, वातानुकुलन-रेफ्रिजरेशन प्रणालीको डिजाइन तथा निर्माण, औद्योगिक व्यवस्थापन, औद्योगिक सुरक्षा, औद्योगिक उत्पादनको मापदण्ड निर्धारण तथा गुणस्तर परीक्षण, वातावरण मैत्री प्रविधिको विकास, परियोजना व्यवस्थापन, मानव कार्य वातावरण अन्तर्सम्बन्ध व्यवस्थापन र उद्यमशिलता विकास जस्ता राष्ट्र निर्माण र सार्वजनिक सेवा प्रवाहसंग जोडिएका महत्वपूर्ण क्षेत्रहरुमा मेकानिकल इन्जिनियरहरुले आफ्नो ज्ञान सीप तथा दक्षताको प्रयोग गर्न सक्छन । उर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय र कृषि, वन तथा पर्यावरण मन्त्रालय र यी मन्त्रालय अन्तर्गतका निकायहरुमा मेकानिकल इन्जिनियररुको ज्ञान र सीपको सदुपयोग गर्न सकिने धेरै कार्य क्षेत्र छन । बाटो, नहर, पुल तथा भवनहरु जस्ता पूर्वाधारहरुको निर्माणबाट मात्र देशको विकास संभव हुँदैन । ती भौतिक पूर्वाधारहरुको विकास संगै उर्जा तथा औद्योगिक विकास गर्न सके मात्र देश दीगो तथा उच्च आर्थिक वृद्धिको बाटोमा अग्रसर हुन सक्छ र यसका लागि राज्यले अन्य प्राविधिक जनशक्ति संगै मेकानिकल इन्जिनियरिङ्ग संग सम्बन्धित जनशक्तिलाई समेत उचित ढङ्गले परिचालन गर्नु पर्ने हुन्छ । वृति विकासको पर्याप्त अवसर नभएको साँघुरो दरबन्दी संरचना र विषयगत दक्षताको सही उपयोग हुन नसक्ने कार्य वातावरणमा काम गरिरहेका निजामती सेवाका मेकानिकल इन्जिनियरहरुको मनोबल निराशाजनक अवस्थामा रहेको छ। राज्यले उनीहरुको सीप र दक्षता प्रयोग र विकास हुने कार्य वातावरण निर्माण गर्न नसक्दा उनीहरुको विषयगत प्राविधिक दक्षता रासोन्मुख हुँदै गएको देखिन्छ । यसले गर्दा एकातिर प्राविधिक जनशक्ति उत्पादन गर्न राज्यले गरेको लगानीको सदुपयोग हुन सकेको छैन भने अर्को तर्फ राज्यले गर्नु पर्ने विकास र प्रवाह गर्नु पर्ने सेवाको प्रभावकारिता र गुणस्तरमा समेत नकारात्मक प्रभाव परिरहेको छ । नयाँ संविधान जारी भई राजनीतिक स्थिरता र संघीय संरचना सहित देश दीगो आर्थिक विकास र समृद्धिको बाटोमा अग्रसर भइसकेको, देशको सार्वजनिक प्रशासन र निजामती सेवाको पुनर्संरचना भईरहेको हालको अवस्थामा नया सरकारको प्रमुख नीति मध्ये राज्यलाई औद्योगिकीकरणको दिसामा डोर्‍याउन नयाँ संगठन संरचनामा सरकारी निकायको कार्य क्षेत्र र कार्य प्रकृतिको वैज्ञानिक विश्लेषण गरी सुहाँउदो तरिकाबाट दरबन्दी व्यवस्थापन गरिनु पर्दछ। यस क्रममा मेकानिकल इन्जिनियरहरुको सीप र दक्षताको प्रत्यक्ष आवश्यक्ता पर्ने उर्जा विकास, औद्योगिक व्यवस्थापन, प्रविधि व्यवस्थापन, ओद्योगिक सुरक्षा, औद्योगिक सीपमुलक तालीम तथा उद्यमशीलता विकास, उत्पादनको गुणस्तर निर्धारण तथा परीक्षण, यातायात नियमन, वातावरणमैत्री प्रविधि विकास र प्रदुषण मापन तथा नियन्त्रण जस्ता क्षेत्रहरुमा स्पष्ट कार्य विवरण र वृति विकासको यथोचित सोपान श्रृंखला सहितका पदहरुको सृजना गरिनु आवश्यक छ । यसका लागि हालका केन्द्रिय निकायहरु वा तिनको पुनर्गठन भई कायम हुने नयाँ केन्द्रिय निकायहरुमा मेकानिकल इन्जिनियरिङ्संग प्रत्यक्ष सम्बन्धित नीति निर्माण तथा कार्यान्वयन सम्बन्धी कार्यका लागि मेकानिकल समूह, जनरल मेकानिकल उपसमूहका निम्नानुसारका पदहरु आवश्यक पर्ने देखी ती पदहरुको सृजना तथा समायोजनका लागि माग गर्दै यो सुझाव पेश गरेका छौं ।

नेपाल इन्जिनियरिङ सेवा
मेकानिकल समुह, "जनरल मेकानिकल
उपसमुहका
कर्मचारीहरु

१. पूर्वाधार विकास मन्त्रालय वा अन्तर्गत

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. पद/ श्रेणी | हाल कायम पद संख्या | अब कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १. | पूर्वाधार विकास मन्त्रालय | सहसचिव/ रा.प.प्र. | ० | १ | सडक यातायात तथा जल यातायात सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्न । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक यातायात तथा जल यातायात सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्न सक्ने सहसचिव (रा.प.प्रथम श्रेणी, मेकानिकल) स्तरको प्राविधिक नेतृत्वदायी पद सिर्जना नगरिएमा, वढ्दो सवारी साधन संख्या, यान्त्रिक प्रविधिको द्रुत परिवर्तन र सडक सुरक्षासँग जोडिएका जटिल प्राविधिक विषयहरूमा समयमै वैज्ञानिक तथा मापदण्डयुक्त नीति निर्माण हुन नसक्ने कारण सडक दुर्घटना र मानवीय क्षतिको दर नियन्त्रण गर्न कठिन हुने, सवारी साधनको प्रदूषण नियन्त्रण, स्वचालित/विद्युतीय सवारी प्रविधि र यान्त्रिक मापदण्ड अद्यावधिकरणमा ढिलासुस्ती हुँदा वातावरणीय तथा जलवायु प्रतिबद्धता कार्यान्वयनमा कमजोरी देखिने, जल यातायातको सुरक्षा मापदण्ड र पूर्वाधार विकासमा प्राविधिक निर्देशनको अभावले यस क्षेत्रको सम्भाव्यता उपयोग हुन नसक्ने, अन्तर्राष्ट्रिय यातायात प्रविधि र मापदण्डसँग तादात्म्य राख्न नसक्दा नेपालको यातायात प्रणाली पछाडि पर्ने, र दक्ष मेकानिकल प्राविधिक जनशक्तिको संस्थागत नेतृत्व तथा क्यारियर विकासको मार्ग अवरुद्ध हुँदा योग्य जनशक्ति पलायन हुने गम्भीर जोखिम रहने । |
| २. | यातायात व्यवस्था विभाग | महानिर्देशक (रा.प.प्र.) | ० | १ | सडक यातायात सम्बन्धमा कानून कार्यान्वयन, प्राविधिक | यातायात व्यवस्था विभाग अन्तर्गत सडक यातायात सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सडक यातायात सम्बन्धी कानून कार्यान्वयन, प्राविधिक मापदण्ड तर्जुमा र यातायात नियमन गर्ने तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | मापदण्ड तर्जुमा तथा यातायात नियमन सम्बन्धी कार्य गर्न । अन्तर्गत रहेका ८ जना सि.डि.ई. को सुपरभिजन, नियमन तथा निर्देशनको लागि। | यस अन्तर्गत कार्यरत ८ जना सि .ई.डि.हरूको सुपरभिजन, नियमन र प्राविधिक निर्देशन गर्ने जिम्मेवारी बहन गर्न सक्ने सहसचिव प्रथम श्रेणी.प.रा), मेकानिकल स्तरको प्राविधिक (नेतृत्वदायी पद सिर्जना नगरिएमा, यातायात नियमन प्रणाली नै कमजोर बन्ने, सवारी साधन परीक्षण, दर्ता, फिटनेस र प्रदूषण नियन्त्रण जस्ता प्राविधिक कार्यहरूमा एकरूपता र गुणस्तर कायम राख्न नसक्ने कारण सडक दुर्घटना र मानवीय क्षतिको दर नियन्त्रणविहीन हुँदै जाने, सडक यातायात कानून कार्यान्वयनमा प्राविधिक नेतृत्वको अभावले अनियमितता र भ्रष्टाचारको जोखिम बढ्ने, बढ्दो सवारी संख्या र आधुनिक यान्त्रिक प्रविधि विद्युतीय सवारी), स्वचालित प्रणाली ( अनुरूप मापदण्ड समयमै अद्यावधिक हुन नसक्दा नेपालको यातायात प्रणाली अन्तर्राष्ट्रिय स्तरभन्दा पछाडि पर्ने, र फिल्ड तहमा कार्यरत दक्ष मेकानिकल जनशक्तिको संस्थागत नेतृत्व तथा क्यारियर विकासको मार्ग अवरुद्ध हुँदा योग्य जनशक्ति निराश तथा पलायन हुने गम्भीर जोखिम रहने । |
| ३ | शहरी विकास तथा भवन निर्माण विभाग | उपमहानिर्देशक/ रा.प.प्रथम | ० | १ | हिटिङ, रेफ्रिजरेसन, एअर कन्डिसनिङ, पम्प, पल्म्बिङ, जेनरेटर, सोलार पावर जेनरेसन, लिफ्ट, एक्सक्यालेटर, अग्नी नियन्त्रण संयन्त्र जस्ता यान्त्रिक प्रणालीहरुको डिजाइन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | तथा निर्माण सम्बन्धी कार्य | |
| ४ | खानेपानी तथा सरसफाई विभाग | उपमहानिर्देशक/ | ० | १ | खानेपानी आपूर्ति प्रणाली, पाइपिङ,पम्पिङ तथा वितरण सम्बन्धी प्राविधिक पक्षको मापदण्ड तयारी , परियोजना निर्माण तथा अनुगमन सम्बन्धी प्राविधिक कार्य गर्न | |

२. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत:

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. (पद/ श्रेणी) | हाल कायम पद संख्या | कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १. | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>औद्योगिक लगानी प्रवर्द्धन तथा औद्योगिक पूर्वाधार विकास महाशाखा | सहसचिव/रा.प.प्र. | ० | १ | औद्योगिक डिजाईन, औद्योगिक उत्पादकत्व, प्रविधि हस्तान्तरण, नविनतम प्रविधि प्रवर्धन र उद्योगको समग्र सम्भावयता अध्ययन, औद्योगिक गुणस्तर नीति, अनुसंधान तथा विश्लेषण र निर्यात सहजिकरण, लगानी संभाव्यता, लगानीको लागत- | रा.प. प्र. श्रेणीको सम्वन्धित प्राविधिक नभई अन्य पद भएमा उद्योगको गुण्स्तर, उत्पादकत्व, कार्यदक्षता तथा कार्यक्षमता प्रभावकारी रुपमा अघि बढाउन नसकिने। यसले गर्दा नेपालको उत्पादनमुलक उद्योगहरु प्रतिस्पर्धी नहुने भएकोले स्वदेशि उत्पादनहरुको ठाउँमा आयातित बस्तुले मात्र बजार पाउने। साथै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | उद्योग विभाग | उपमहानिर्देशक/रा.प.प्र. | ० | १ | उपलब्धी विश्लेषण, प्याटेन्ट, ट्रेडमार्क, वातावरणीय व्यवस्थापन सम्बन्धी कार्य गर्न । | स्वदेशि रोजगारीमा कमि हुने र स्वदेशि कच्चा पदर्थहरुले बजार नपाउने। |
| 3. | नेपाल गुणस्तर तथा नापतौल विभाग | उपमहानिर्देशक/रा.प.प्र. | ० | १ | • गुणस्तर मापदण्ड तर्जुमा, परीक्षण तथा निरीक्षण सम्बन्धी कार्य सम्पादन गर्न।<br>• नेपाल गुणस्तर प्रमाणचिन्ह अनिवार्य गरिएका वस्तुहरु तथा अन्य वस्तुहरुको मेकानिकल गुणस्तर कायम गर्न र नेपाली उत्पादनको अन्तर्राष्टीय बजारमा पहिचान बनाउन। | रा.प.प्र. (ज.मे.ई.)/ सु.ई. नभई यस किसिमको मेकानिकल टेष्टिङ तथा गूणस्तर प्रमाणिकरणको विश्वश्रियता कायम गर्न कठिन हुने साथै अन्तर्राष्ट्रिय स्तरमा NS चिन्हले मान्याता (accreditation) नपाउने। |

**३. उर्जा , जलस्रोत तथा सिंचाई मन्त्रालय वा अन्तर्गत**

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. पद/ श्रेणी | हाल कायम पद संख्या | अब कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १ | उर्जा , जलस्रोत तथा सिंचाई मन्त्रालय | सहसचिव/ रा.प.प्र. | ० | १ | • जल विघुत, तापीय, नविकरणीय एवं अन्य उर्जा स्रोत तथा प्रणाली सम्बन्धी नीति निर्माण सम्बन्धी कार्य गर्न ।<br>• नवीकरणीय ऊर्जा सम्बन्धि नीति तर्जुमा तथा ऊर्जा दक्षता को क्षेत्रमा working standards and norms बनाउनुपर्न। | यस मन्त्रालयमा रा.प.प्र.(ज.मे.ई) / सु.ई. पद नभएमा Energy Efficiency Guidelines हरू तयार नहुने र नवीकरणीय ऊर्जा (solar, thermal, hydrogen, wind आदि) उर्जाको क्षेत्रबाट कुनै पनि लाभ प्राप्त गर्न नसकिने र ऊर्जा दक्षताको क्षेत्रमा व्यापारिक प्रतिष्ठानहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | • Hydropower sector मा प्रयोग हुने mechanical components हरुको standards सम्बन्धि अध्ययनको लागि University र ऊर्जा उद्योगको बीच सेतु को कार्य गर्नुपर्ने।<br>• उद्योग, होटल र औद्योगिक व्यावसायिक कार्यमा प्रयोग हुने उर्जाको सदुपयोगका लागि Energy efficiency guidelines हरु तयार गरी सो लाई Sustainable Energy consumption संग जोड्नु पर्ने। | पछि नै पर्ने जसले गर्दा नेपालको सन 2045 सम्ममा carbon Net zero हुने लक्ष्य हासिल हुन कठिन हुनेछ । |
| २. | जल तथा उर्जा आयोगको सचिवालय | सि.डि.ई.(मेकानिकल) / रा.प.द्वितीय (ज.मे.) | १ | २ | • उर्जा स्रोत, उर्जा प्रयोग, उर्जा विकास संभाव्यता एवं उर्जा दक्षता अभिवृद्धि लगायतका विषयमा अध्ययन अनुसन्धानमुलक तथा नीति निर्माण सम्बन्धी कार्य गर्न । | • समग्र ऊर्जा खपतमा विद्युतीय ऊर्जा ८% मात्र रहेको, बाकि fossil fuel, Biomass रहेको र मुलुक विद्युतीकरण तर्फ गईरहेको अवस्थामा petroleum products को खपत घटाउने, Fuel switching, energy eefficiency, Energy transition मार्फत आन्तरिक विद्युत खपल अभिवृद्धि गर्न नेतृत्वं तथा Senior प्राविधिक leverमा मेकानिकल इन्जिनियर चाहिने। उर्जाहरूको व्यवस्थापनमा गर्न नसकेमा आर्थिक बृधिदर, NDC commitments, SDGs, Net zoo |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | emission सम्बन्धि लक्ष्यहरु हासिल गर्न नसकिने |
| ३. | विद्युत विकास विभाग | निर्देशक/ रा.प.द्वितीय (ज.मे.) | २ | ३ | • नवीकरणीय ऊर्जा शाखा प्रस्तावित भएको।<br>• मेकानिकल इन्जिनियरिङ्ग अध्ययनको क्रममा नवीकरणीय उर्जाको अध्ययन गरेको र नवीकरणीय ऊर्जामा स्नात्कोत्तर समेत हासिल गरि यस क्षेत्रमा दक्ष हुने । | उक्त शाखा अन्य प्राविधिकले नेतृत्व गर्दा सो सम्बन्धि अध्ययन गर्न समय लाग्ने र कार्यसम्पादनमा प्रभावकारीता नआउने। यस सम्बन्धि अनुसन्धात्मक कार्यहरु अघि बढाउन समस्या हुने। |

४ यूवा, श्रम तथा रोजगार मन्त्रालय वा अन्तर्गत

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. पद/ श्रेणी | हाल कायम पद संख्या | अब कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १. | यूवा, श्रम तथा रोजगार मन्त्रालय | सहसचिव/ रा.प.प्र. | ० | १ | व्यवसायन्य सुरक्षा तथा स्वास्थ्य, श्रम उत्पादकत्व, श्रम सम्बन्ध, मानव-कार्य वातावरण सम्बन्ध जस्ता विषयहरुमा कार्य गर्न । | युवा, श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य, श्रम उत्पादकत्व, श्रम सम्वन्ध र मानव-कार्य वातावरण सम्बन्ध जस्ता श्रमिकको जीवन र मर्यादासँग प्रत्यक्ष जोडिएका संवेदनशील विषयहरूमा मापदण्ड तर्जुमा, कार्यान्वयन, प्रवर्द्धनात्मक कार्य र प्राविधिक परामर्श गर्न सक्ने सहसचिव (रा.प.प्रथम श्रेणी) स्तरको मेकानिकल समुहको प्राविधिक नेतृत्वदायी पद सिर्जना नगरिएमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम मापदण्ड |
| २. | श्रम विभाग | उप महानिर्देशक/ रा.प.प्रथम | ० | १ | व्यवसायन्य सुरक्षा तथा स्वास्थ्य, श्रम उत्पादकत्व, श्रम सम्बन्ध, मानव-कार्य वातावरण सम्बन्ध जस्ता विषयहरुमा कार्यान्वयन तहको कार्य गर्न । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना | आयोजना प्रमुख/ रा.प.प्र | ० | १ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थय सम्बन्धी मापदण्ड तर्जुमा, कार्यान्वयन, प्रवर्द्धनात्मक कार्य र परामर्श सम्बन्धी कार्य गर्न । | (ILO conventions लगायत) अनुरूप कार्यस्थलको सुरक्षा र स्वास्थ्य मापदण्ड समयमै तर्जुमा तथा अद्यावधिक हुन नसक्ने कारण औद्योगिक दुर्घटना, व्यवसायजन्य रोग र कार्यस्थलमा हुने मानवीय क्षति बढ्ने गम्भीर जोखिम रहने, श्रम उत्पादकत्व वृद्धिका लागि आवश्यक नीतिगत मार्गदर्शन र कार्यान्वयन तहको समन्वय कमजोर हुँदा राष्ट्रिय अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने, श्रम विवाद समाधानमा प्राविधिक नेतृत्वको अभावले औद्योगिक शान्ति भङ्ग हुने र लगानीमैत्री वातावरणमा नकारात्मक असर पर्ने, वैदेशिक रोजगारीमा जाने लाखौं नेपाली श्रमिकको सुरक्षा र कल्याणसँग सम्बन्धित मापदण्ड कार्यान्वयनमा शिथिलता आउने, र दक्ष प्राविधिक जनशक्तिको संस्थागत विकास अवरुद्ध हुँदा दीर्घकालमा श्रम क्षेत्रको सुशासन तथा श्रमिक हक हित संरक्षण कमजोर बन्ने । |

५ अर्थ मन्त्रालय वा अन्तर्गत

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. पद/ श्रेणी | हाल कायम पद संख्या | अब कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १ | भन्सार विभाग | सि.डि.ई./रा.प.द्वि. | ० | १ | मूख्य भन्सार कार्यालहरुबाट आयात/निर्यात हुने यन्त्र, उपकरण, सवारी साधन तथा वस्तुहरुको यान्त्रिक गुणहरु मापदण्ड अनुसार | नेपाल आयात हुने Machinery equipment, सवारीसाधन (विद्युतीय र जिवाष्म इन्धनयुक्त) hydro mechanical equipment ईत्यादि र यस सम्बधी पार्टपूर्जाहरुको प्राविधिक परीक्षण (जाँचपास) गर्दा प्रभावकारी हुन नसक्दा |
| २ | भन्सार कार्यालयहरु | मे.ई./रा.प.तृ. | ० | ५ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | भए नभएको सम्बन्धमा निरीक्षण एवं परीक्षण सम्बन्धी कार्य गर्न | आयातित वस्तुको न्यून मुल्याङ्कन हुन गई राज्यलाई वार्षिक राजश्वमा ठूलो घाटा लागिरहेको। |

६. सार्वजनिक खरिद अनुगमन कार्यालय

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. पद/ श्रेणी | हाल कायम पद संख्या | अब कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक खरिद अनुगमन कार्यालय | सहसचिव/ रा.प.प्रथम | ० | १ | मेशिन यन्त्र तथा जटिल यान्त्रिक प्रणालीहरुसंग सम्बन्धित खरिद कार्यहरुको अनुगमन कार्य गर्न । | मेशिन यन्त्र तथा जटिल यान्त्रिक उपकरणको खरिद प्रक्रिया सम्वन्धि मापदण्ड तथा नीति निर्माण प्रक्रियामा कठिनाइ हुने । |

७. राष्ट्रिय सतर्कता केन्द्र

| क्र.सं. | निकाय | ने.इ.से./मे/ज.मे.ई. पद/ श्रेणी | हाल कायम पद संख्या | अब कायम हुनु पर्ने पद संख्या | पद कायम हुनु पर्ने कारण (पुष्ट्याँइ) | पद नहुँदाको प्रभाव तथा असरहरु |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय सतर्कता केन्द्र | सहसचिव/ रा.प.प्रथम | ० | १ | यान्त्रिक प्रणालीहरुको निर्माण तथा संचालन | राष्ट्रिय सतर्कता केन्द्र अन्तर्गत यान्त्रिक प्रणालीहरूको निर्माण तथा सञ्चालन सम्बन्धी कार्यालय तथा आयोजनाहरूको प्राविधिक परीक्षण गर्न सक्ने सहसचिव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | राष्ट्रिय सतर्कता केन्द्र | सि डि ई | ० | १ | सम्बन्धी कार्यालय तथा आयोजनाहरुको प्राविधिक परीक्षण कार्य गर्न | प्रथम श्रेणी.प.रा), मेकानिकल स्तरको प्राविधिक नेतृत्वदायी पद सिर्जना ( नगरिएमा, ठूला यान्त्रिक तथा प्रविधिजन्य आयोजनाहरूमा हुने अनियमितता, लागत बेथिति र गुणस्तर विचलन पहिचान गर्न आवश्यक उच्च तहको स्वतन्त्र प्राविधिक विशेषज्ञताको अभाव हुने कारण भ्रष्टाचार तथा अनियमितता नियन्त्रण गर्ने केन्द्रको संवैधानिक तथा कानुनी जिम्मेवारी प्रभावकारी रूपमा पूरा हुन नसक्ने, यान्त्रिक उपकरण खरिद, निर्माण र सञ्चालनसँग सम्बन्धित प्राविधिक विशिष्टता )**specification)** र लागत आंकलनको यथार्थता जाँच्न सामान्य प्रशासनिक जनशक्तिबाट सम्भव नहुँदा सार्वजनिक ढुकुटीको दुरुपयोग पत्ता लगाउन कठिनाइ हुने, ठूला पूर्वाधार तथा यान्त्रिक आयोजनाहरूको प्राविधिक अनुगमन र परीक्षण प्रतिवेदन गुणस्तरहीन वा सतही हुने खतरा रहने, र यसबाट सार्वजनिक निर्माण तथा खरिद प्रक्रियामा भ्रष्टाचार तथा अनियमितता मौलाउने वातावरण सिर्जना हुने गम्भीर जोखिम रहने भएकोले, यस्तो अल्पकालीन प्रशासनिक ले सुशासन "बचत", पारदर्शिता र सार्वजनिक स्रोत साधनको उचित उपयोगमा अपूरणीय क्षति पुऱ्याई राष्ट्रिय सतर्कता प्रणाली नै कमजोर बनाउने |

नोटः

१) यसै दरबन्दीहरु कायम रहेमा वार्षिक रुपमा राज्यको अबौं रुपैया बचत गर्न सकिने ।

२) राज्यले बर्षौं लगानी गरी तयार गरेको दक्ष प्राबिधिक जनशक्ति विदेश पलायन हुन रोकिने ।

३) हाल २६:१ को अनुपातमा रहेको सु.ई. र सि.डी.ई. को कर्मचारी अनुपातले मेकानिकल इन्जिनियरहरुको बृतिविकस अवरोध पुगेकोले माथिको उल्लेखित दरबन्दीहरु सिर्जना हुँदा यस सम्बन्धि प्राविधिकहरुको मनोवल बढ्न गई सेवा प्रवाह र उत्पादकत्व सुधार भइ संस्थाको काम कारबाही प्रवाभकारी हुने ।

हाम्रो सुझाव तथा मागहरु :

१) प्रशासन सुधार कार्यदलले पटक पटक सिफारिस गरे अनुसार हाल २६:१ मा रहेको सि.डी.ई. / सु.ई. (उपसचिव/सह-सचिब) को अनुपातलाई ४:१ मा बनाउन कम्तिमा ५ देखि ७ वटा सु.ई. (ज.मे.ई) पदहरु तत्काल सिर्जना गर्नुपर्ने ।

२) विभिन्न समयमा श्रम विभाग र उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रहेको सु.ई.(ज.मे.ई.) का पदहरु ततकाल पुनर्स्थापना गर्नु पर्ने ।

CamScanner